# विशेष अदालत, काठमाडौं

विशेष अदालत काठमाडौं

प्रेस विज्ञप्ति

संवत् २०५९ भाद्र ६ गते विशेष अदालतको गठन भएको हो। यो अदालतले ५ प्रकारका मुद्दाको सुनुवाई, कारवाही र किनारा गर्दछ, जसमा (१) गैर कानूनी सम्पत्ति, (२) घुस रिसवत, (३) निर्णयगत अनियमितता, (४) नक्कली प्रमाणपत्र र (५) सम्पत्ति शुद्धीकरणका मुद्दाहरू हेर्दछ। यस अदालतको क्षेत्राधिकारभित्र ७७ वटै जिल्ला पर्दछन्। राष्ट्र सेवकको परिभाषाभित्र पर्ने सार्वजनिक पदाधिकारी र उनीहरूसँग जोडिएर आउने व्यक्तिहरू विरुद्ध भ्रष्टाचार मुद्दा चल्न सक्दछ।

विगत २२ वर्षको इतिहासमा यस अदालतमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र २०६४ सालपछि आएर सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले दायर गरेका मुद्दाहरू कारवाही किनारा हुँदै आएकोमा २०८० चैत्र ३० मा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ संशोधन भएपश्चात् सम्पत्ति शुद्धीकरण विभागले यस अदालतमा मुद्दा दर्ता गरेको अवस्था देखिंदैन।

गत आर्थिक वर्ष २०८१।०८२ मा ६९ थान मुद्दा जिम्मेवारी सरी आएको र यस वर्ष दर्ता भएका थप १४३ थानसमेत गरी आजका दिनसम्म जम्मा लगत २१२ थान रहेको छ भने १३० थान अर्थात् कूल लगतको ६१.३२ प्रतिशत मुद्दा फछ्र्यौट गरिएको छ भने ८२ थान मुद्दा मात्र छिन्न बाँकी रहेको अवस्था छ। यो सङ्ख्या यस वर्षको फछ्र्यौट लक्ष्य (१७१) को ७६.०२ प्रतिशत हो।

गत आ.व. २०८०।०८१ मा विशेष अदालतले अदालत स्थापना भएयताकै सबैभन्दा बढी मुद्दा फछ्र्यौट गर्न सफल भएको थियो। यस वर्ष पनि मुद्दा दर्ता सङ्ख्यासमेतलाई हेर्ने हो भने फछ्र्यौट सङ्ख्या सन्तोषजनक नै रहेको छ। विशेष अदालत ऐन, २०५९ को दफा १६ ले मुद्दाको कारवाही र किनारा सामान्यतयाः ६ महिनाभित्र गर्नुपर्ने व्यवस्था गरेको छ। विशेष अदालतले ऐनमा भएको यो व्यवस्थाबमोजिम प्रतिबद्धताका साथ काम गरिरहेका छ र उपलब्धि पनि हासिल गरेको छ। यो उपलब्धि हासिल हुनुमा बार, सरकारी वकील, मुद्दाका पक्ष र सबै सरोकारवालाको उत्तीकै महत्त्वपूर्ण योगदान रहेको छ।

## १. यस आ.व. को दर्ता र फछ्र्यौट अनुमान

| जिम्मेवारी सरेको | दर्ता अनुमान | दर्ता भएको | जम्मा लगत | फछ्र्यौट लक्ष्य | फछ्र्यौट भएको | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|
| ६९ | २०३ | १४३ | २१२ | १७१ | १३० | ७६.०२ |

२. विशेष अदालतमा स्थापना भएदेखि हालसम्मको तुलनात्मक अवस्थाः

| आर्थिक वर्ष | जिम्मेवारी | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट सङ्ख्या | फछ्र्यौट प्रतिशत % | बाँकी |
|---|---|---|---|---|---|---|
| २०५९/०६० | २१८ | २९१ | ५०९ | २५७ | ५०.४९ | २५२ |
| २०६०/०६१ | २५२ | १११ | ३६३ | १६६ | ४५.०२ | १९६ |
| २०६१/०६२ | १९७ | ११७ | ३१४ | १०७ | ३४.०७ | २०७ |
| २०६२/०६३ | २०७ | ११६ | ३२३ | ११५ | ३५.६० | २०८ |
| २०६३/०६४ | २०८ | १२५ | ३३३ | १८१ | ५४.३५ | १५२ |
| २०६४/०६५ | १५२ | ८३ | २३५ | ९४ | ४०.०० | १४१ |
| २०६५/०६६ | १४१ | ८७ | २२८ | ११२ | ४९.१२ | ११६ |
| २०६६/०६७ | ११६ | ४४ | १६० | १०३ | ६४.३७ | ५७ |
| २०६७/०६८ | ५७ | १०७ | १६४ | ९६ | ५८.५३ | ६८ |
| २०६८/०६९ | ६८ | १३१ | १९९ | ६५ | ३२.६६ | १३४ |
| २०६९/०७० | १३४ | १२२ | २५६ | १२३ | ४८.०४ | १३३ |
| २०७०/०७१ | १३३ | १७४ | ३०७ | ११५ | ३७.४५ | १९२ |
| २०७१/०७२ | १९२ | ३१४ | ५०६ | २०२ | ३९.९२ | ३०४ |
| २०७२/०७३ | ३०४ | १५६ | ४६२ | २२२ | ४८.०५ | २४० |
| २०७३/०७४ | २४० | १६८ | ४०८ | १७८ | ४३.६२ | २३० |
| २०७४/०७५ | २३० | १९७ | ४२७ | १७४ | ४०.७४ | २५३ |
| २०७५/०७६ | २५३ | ३७० | ६२३ | २३० | ३६.९१ | ३९३ |
| २०७६/०७७ | ३९३ | ४५० | ८४३ | १७8 | २१.११ | ६६५ |
| २०७७/०७८ | ६६५ | १२७ | ७९२ | १३५ | १७.०४ | ६५७ |
| २०७८/०७९ | ६५७ | १३५ | ७९२ | ३३९ | ४२.८० | ४५३ |
| २०७९/०८० | ४५३ | १७६ | ६२९ | २७० | ४२.९२ | ३५९ |
| २०८०/०८१ | ३५९ | २१६ | ५७५ | ५०६ | ८८ | ६९ |
| २०८१/०८२ | ६९ | १४३ | २१२ | १३० | ६१.३२% | ८२ |

३. मुद्दाको प्रकृतिअनुसारको विवरण :

| क्र. सं. | मुद्दाको प्रकृति | लगत | जम्मा फछ्र्यौट | ठहर | सफाइ | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | गैरकानूनी सम्पत्ति | १२ | २ | ० | २ | १० | |
| २. | घुस रिसवत | ४३ | ३४ | २८ | ६ | ९ | |
| ३. | निर्णयगत अनियमितता | ११० | ५६ | २७ | २९ | ५४ | |
| ४. | नक्कली प्रमाणपत्र | ४१ | ३३ | २८ | ५ | ८ | |
| ५. | सम्पत्ति शुद्धीकरण | ४ | ४ | ३ | ० | ० | मुल्तवी १ |
| ६. | पुनरावेदन | १ | १ | १ | ० | ० | |
| ७. | अदालतको अवहेलना | १ | ० | ० | ० | १ | |
| | **जम्माः** | २१२ | १३० | ८७ (६६.९२%) | ४२ (३२.८१) | ८२ | |

४. यस आ.व.मा मासिक रूपमा भएको मुद्दा दर्ताको विवरण

| आ.व.२०८१ को साउनदेखि २०८२ को असार मसान्तसम्म | |
|---|---|
| महिना | मुद्दा दर्ता |
| साउन | ९ |
| भदौ | १६ |
| असोज | ३ |
| कात्तिक | २ |
| मङ्सिर | ७ |
| पुष | ११ |
| माघ | १३ |
| फागुन | २ |
| चैत | १२ |
| २०८२, वैशाख | १९ |
| २०८२, जेठ | २९ |
| २०८२, असार | २० |
| **जम्मा** | १४३ |

५. आ.व. २०८१/०८२ मा भएका फैसलाअनुसार लागेको कैद र जरिबाना

| वर्षभरिमा प्रतिवादीहरूलाई भएको सजायको अवस्था | |
|---|---|
| कैद | जरिवाना |
| २०३ वर्ष ३ महिना १५ दिन | ३,६४,६६,४५,५४४.९७ |

मुलतवी- १

६. अव यस अदालतमा ६ महिना नाघेका ११ थान र ६ महिनाभित्रका ७१ थान मुद्दा विचाराधीन अवस्थामा छन्।

७. मुद्दा व्यवस्थापनमा सुधार ल्याउन अपनाइएका विशेष कार्यक्रमहरू

- ६ महिना नाघेका मुद्दा शून्य गर्ने लक्ष्य
- बुझ्नुपर्ने प्रमाण एकै पटक बुझ्ने गरिएको
- सरोकारवालाहरूसँग नियमित छलफल र अन्तरक्रिया भएको
- कर्मचारीहरूको क्षमता विकास कार्यक्रम गरिएको
- विशेष अदालत बारमार्फत स्वेच्छिक कानूनी सहायता (प्रो-बोनो) को उपलब्ध गराइएको

८. न्यायमा पहुँचका लागि अदालतबाट भएका महत्त्वपूर्ण कार्यहरू

- श्रव्यदृश्य संवाद Video Conferencing मार्फत मुद्दाको सुनुवाइ
- देश/विदेशबाट बयान, बकपत्र तथा बहस गर्न सकिने सुविधा
- पायक पर्ने जिल्लाबाट थुनछेक बयान गर्न सकिने सुविधा
- मुद्दाको कारवाहीको जानकारी वेभसाइटबाट दिइने
- फैसला वेवसाइटमार्फत अपलोड र सार्वजनिकीकरण
- पायक पर्ने अदालतबाट अनलाइन तारेखको व्यवस्था
- अदालत परिसरमा बहस छलफलको लाइभ प्रसारण
- पक्षहरूलाई एसएसएमबाट मुद्दाको जानकारी
- साक्षी र विशेषज्ञको श्रव्यदृश्य संवादबाट बकपत्र

९. सेवा प्रवाहमा प्रभावकारिता, सुशासन अभिवृद्धि र न्यायमा पहुँच अभिवृद्धिका लागि सञ्चालित कार्यक्रमहरू

- ISO 9001:2015 चिन्ह प्राप्त
- अदालतलाई प्रविधिमैत्री बनाउन थप कार्यहरू अगाडि बढेको
- नागरिक वडापत्र
- अदालतबाट दिइने सेवाको सूची
- अदालतभित्रै बैङ्किङ सुविधा
- निशुल्क रुपमा Templates हरू उपलब्ध

- विशेष अदालतबाट भएका फैसलाहरूको सँगालो, २०८२ प्रकाशन
- अदालतका प्रवक्ता र सूचना अधिकारीमार्फत जानकारी
- गुनासो पेटिका र गुनासोको सम्बोधन
- सहायता कक्षको व्यवस्था
- सेवाग्राहीको लागि फरकफरक प्रवेश पासको व्यवस्थाः (रातो, हरियो र पहेंलो प्रवेश पास)
- सरकारी वकिल र विशेष अदालत बार कक्ष स्थापना
- सेवाग्राहीका लागि पिउने पानीको प्रबन्ध
- प्रतीक्षालय तथा बस्ने बेन्चको व्यवस्थापन
- अदालत परिसरको सौन्दर्यीकरण
- Meet the Press
- Meet the Judge
- महिलाहरूको लागि सेनिटरी प्याड व्यवस्था
- मोबाइल चार्जिङ स्टेसन तथा फ्री वाइफाइको व्यवस्था
- सिसिटिभिबाट अनुगमन
- पूर्ण कदको न्यायकी प्रतिमूर्तिको स्थापना
- सरोकारवाला निकायसँग निरन्तर सहकार्य, समन्वय र सहजीकरण

१०. अन्य सुधारका कार्यहरू
- मासिक खर्चको विवरण वेवसाइटमा सार्वजनिक
- दण्ड जरिवानाको लगत अद्यावधिक
- मुद्दामा पेस भएका सम्पत्तिको व्यवस्थापन
- कागजातहरू धुल्याउने कार्य
- मिसिल अभिलेखको Digitalize को सुरूवात
- दसीका सवारी साधनहरू कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागमा पठाइएको

**११.यो परिणाम हासिल गर्न हामीले केही फरक ढङ्गले काम गर्ने प्रयास गरेका छौं। जसमा**

१. मुद्दा व्यवस्थापन
२. बहस व्यवस्थापन
३. कर्मचारी व्यवस्थापन
४. सरोकारवाला सम्बन्ध
५. सूचना प्रविधिको प्रयोग
६. अदालतको सौन्दर्यीकरण
७. सुरक्षा प्रबन्ध मजबुत

१२. आगामी दिनको कार्यदिशा

- यस अदालतको स्मार्ट तथा बुटिक कोर्ट बनाउने उद्देश्य
- सेवाग्राहीलाई न्यायमा पहुँचका कुनै पनि सुविधामा कमी नगर्ने प्रतिबद्धता
- मुद्दामा कानूनको म्याद नाघ्न नदिने
- सरोकारवालासँग निरन्तर अन्तरक्रिया
- कर्मचारी प्रशिक्षण
- सर्वोच्च अदालत, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरूसँग आर्थिक तथा भौतिक सहयोग, समन्वय र सकारात्मक सोचका साथ कार्य गर्ने
- मुलुकभित्र मात्र होइन विश्वका कुनै पनि कुनाबाट मुद्दाको पक्ष र साक्षीले प्रतिनिधित्व गर्न पाउने सुविधा उपलब्ध गराउन पहल गर्ने

१३. चुनौतीहरू

- बजेटको अपर्यासता
- उपयुक्त भवनको अभाव
- कार्यरत जनशक्तिको उत्प्रेरणा बढाउने साधन स्रोतको अभाव

अन्त्यमा, विशेष अदालतका उपलब्धि हासिल गर्न सहयोग र उत्प्रेरणा दिनुहुने विशेष सरकारी वकिल कार्यालय, विशेष अदालत बार एसोसिएसन, मुद्दाका पक्षहरू र सम्पूर्ण सञ्चारमाध्यम तथा शुभेच्छुकहरुप्रति हार्दिक आभार र धन्यवाद दिन चाहन्छौं।

मिति : २०८२।०३।३२

कृष्णशरण लामिछाने
उपरजिस्ट्रार

२०८२।३।३२